**Cheryl Cunningham, M.Ed.**
Executive Director of Federal Programs
Office: (325) 677-1444, ext. 7475
Fax: (325) 794-1326
cheryl.cunningham@abileneisd.org

**Abilene Independent School District**

Office of Federal Programs • P.O. Box 981 • Abilene, Texas 79604-0981

# एविलिन स्वतन्त्र स्कूल डिस्ट्रिक्

टाइटल १ अविभावक संलग्न निती: **2020-2021**

<u>वर्णन् को प्रयोजन:</u>

एबिलिन (ISD)-डिस्ट्रिकमा रहेका सबै विध्यार्थीको असलशिक्षाको निम्ती समर्पितछ।यो उद्देश्य प्राप्तिको लागी अविभावक र समाजको समलग्नताको विकास आवश्यकपर्दछ।प्रत्येक विध्यार्थीको उन्नतिको लागी जनसमुदायको सहयोग र संलग्नताको खांचो पर्दछ।विध्यार्थीको सिर्जनात्मक वातावरणको विकास हुनको निम्ति विध्यालय र घरको सकारात्मक विचार हूनुपर्छ/
यी साझेदारी र खुल्ला संचारले विध्यार्थीको सिकाइको अवसरलाई थप मदत पुर्याउछ।सवै विद्यार्थीहरु (TEKS ) को पाठयक्रम उद्देश्य तर्फ लागि पर्ने छन भन्ने आसा रखिन्छ। हाम्रो डिस्ट्रिकलाई केही विध्यार्थीको लागि यो उद्देश्य प्राप्त गर्न थप सहयोग चाहिन्छ भन्ने लाग्दछ।

एबिलिन ISD-सवै अविभावकहरुलाई टाइटल १ कार्यक्रममा समावेस गर्ने अभिप्राय राख्दछ।विध्यार्थीको सफलताको निम्ति उनीहरुलाई घर/ स्कूलमा सहभागिता गराउन अवसर प्रदान गर्दछ। यो योजना विकासमा टाइटल १ अविभावक संयुक्त विकास अनि स्कूल पूनर्विचार प्रक्रिया र सुधार समावेस छन्।

<u>निती बिकास मा अविभावकको संलग्नता</u>

प्रत्येक वर्ष स्कूलले अविभावकहरुलाई सभामा छलफल गर्न निमन्त्रणा गर्दछ। अविभावक,समाजका सदश्य र स्कूलका कर्मचारीहरु बसेर पूनर्विचार,छलफल र टाइटल १ का स्कूल अविभावकहरुलाई जानकारी र उनीहरुको अधिकारवारे अवगत गराउछ।

यबिलिन (ISD) सक्रीय रुपमा अविभावक र विध्यार्थी समूहको प्रतिनिधित्व गराउने गरी नयाँ ब्यक्ति अविभावक संलग्नता सभा भेलामा संलग्न गर्नेछ।भेलाको निम्ति उपयुक्त स्थान र समयको ब्यवस्था गर्दछ।जसले गर्दा अविभावकलाई सहज हुनेछ।

<u>टाइटल १ अविभावक सभा:</u>

सवै अविभावकलाई सभामा सुझावदिन,अनूभव सुनाउन,निर्णयक भूमिका खेल्न र नानीहरुको शिक्षाको विषयमा कुरा गर्न पूर्ण अवसर पाइनेछ। टाइटल १ क्यामपस प्रत्येक शैक्षिक वर्षमा अविभावक भेट कार्यक्रम राक्नेगर्दछ। अविभावकहरुलाई टाइटल १ स्कूलका वारेमा र यसको उद्देश्यवारे जानकारी गराउदछ। उनीहरुलाई अरु जानकारीको लागी कागजपत्रहरु हस्तान्तरण गरिनेछ। वर्षमा दूई पटक (PAC) भेलामा अविभावकहरुलाई उपस्थित हुने मौका हुनेछ। यसैगरी अविभावकलाई क्याम्पस डिजाइन,अविभावक संलग्न केन्द्रमा कम्तीमा दूई पल्ट उपस्थित हुने अवसर मिल्नेछ। अविभावक संलग्न केन्द्र स्वत: शैक्षिक र नानीहरु सँग काम गर्न सुविधा जनकछ।

अविभावकको सजिलै पहुँच हुने ठाउंमा / समयमा यो भेला हुनेछ।भाषा इन्टरप्रेटर,चाएल्ड क्यारको ब्यवस्था हुन सक्छ।अविभावक ध्यानाकर्षणको निम्ती लिखित जानकारी र सूचना उपलब्द गरिनेछ।

स्कूल- अविभावक संझौता

टाइटल १ को निर्देशिका अनुसार,टाइटल १ क्यम्पसले प्रत्येक कार्यक्रममा स्कूल अविभावक संझौता पत्रको बिकास गर्नु पर्छ।यो संझौताले स्कूल-अविभावक वीच साझेदार जिम्मेवार गरी विध्यार्थीको शिक्षामा महत्वपूर्ण भूमिका खेल्न सक्नेछ।

यो संझौताले विध्यार्थीको प्रगति र सफलता वारे विद्यार्थी,अविभावक र स्कूल कर्मचारी वीच साझेदार जिम्मेवारीको ब्यख्या गर्दछ। प्रत्येक क्याम्पसका सदस्यहरु,क्याम्पस वाइड कन्सल्टेसन कमिटी अविभावक सहितवाट संझौता कार्यनयन रुपरेखाको निम्ती सहमती चाहिनेछ।प्राथमिक शिक्षक, सवै अविभावक सँग भेट गरी संझौता वारे गहन छलफल गर्नेछन।अविभावकहरुलाई विध्यार्थीहरुको शैक्षिक सफलताको निम्ती शिक्षक, अविभावक र विध्यार्थीहरुको जिम्मेवारी कार्यपत्रको संझौताहरु उपलब्ध गराइनेछ। अविभावक्, शिक्षक, विध्यार्थी र प्रशासनको हस्ताक्षरले विध्यार्थीको शैशिक प्रगतिलाई थप बल पुग्नेछ।अविभावकलाई यो संझौताको बिषयमा विध्यार्थीहरु सँग छलफल गर्न प्रेरित गरिन्छ।

अविभावक संलग्नताका प्रकारहरु:

एविलिन ISD विध्यार्थीको सिकाइको अनुकुल वातावरण बिकास को लागी टाइटल १ अविभावक संलग्न कृयाकलापलाई सहयोग पुर्याउदछ।अविभावकहरु आफ्नो अमूल्य समय दिएर स्वयंसेवकको कार्यक्रम द्वारा स्कूलमा र घरमा विध्यार्थीको सिर्जनात्मक सहयोगको वातावरण बनाउन सक्नेछन्। विभिन्न कार्यक्रममा सहभागी भएर समुदाय र विध्यार्थीको प्रगती र सफलताको निम्ती थप मदत गर्न सक्नेछन।स्कूल र परिवारले अविभावक संलग्न कार्यक्रमलाई सफल बनाई विध्यार्थीको आवश्यकतालाई पूर्ती गर्न सक्ने छन।

हाम्रो समुदायको आवश्यकता सँग मेलखाने कार्यक्रमहरु:

प्रसस्त अविभावकहरु स्कूलका कर्मचारीसँग मिली ब्यवस्थित रुपमा समय सान्दर्भिक योजना एवं पुनर्लोकन गरी टाइटल १ कार्यक्रम बिकासको निम्ति मिलेर काम गर्न सक्नेछन्।सिमित अंग्रेजी,असक्त एवं अस्थाई अविभावकहरुलाई भागलिनको निम्ति अवसर प्राप्त हुनेछ।टाइटल १ कार्यक्रमको रुपरेखा,यसको विकास र कार्ययोजनाको निमित्त समुदायलाई संपर्क गरिनेछ।अविभावक र विध्यार्थीहरुको आवश्यकतालाई ध्यानमा राख्दै र अविभावकको सुझाव द्वारा एवं अरु विभिन्न माध्यमबाट सिर्जनात्मक र सफल स्कूलबातावरणको निर्माण गरिनेछ।विध्यार्थी र अविभावकहरुको आवश्यकतालाई मध्यनजर रख्दै स्कूल समुदायले कार्यगोश्ठी र कार्यक्रमहरु संचालनगर्नेछ।एबिलिन ISD अविभावक संलग्नतालाई उच्च राख्न सल्लाह र सुझावको स्वागत गर्दछ।

कर्मचारी अविभावक संचार:

क्याम्पसको प्रगतिवारे सबै अविभावकहरुलाई वार्षिकरुपमा जानकारी गराइनेछ।अविभावकहरुले समय-समयमा शैशिक प्रगती रिपोर्ट कार्ड पाउनेछन्।अनुरोध गरेको खण्डमा स्कूलले प्रगति नतिजाको ब्याख्या इन्टरप्रेटर गर्ने ब्यवस्था
अविभावकहरुले समय-समयमा (ESSA)ले चाहे मुताविक पूरक शैक्षिक सेवाहरु र स्कूलको चनौट वारे जानकारी पाउनेछन, यदी त्यो क्याम्पस (TEA) ले स्कूल इम्प्रुपमेन्ट खतराको स्थानमा परेकाछन भने।

अविभावकहरुलाई समय-समयमा समाचारपत्रहरुद्वारा उपलब्ध कार्यक्रमहरुवारे जानकारी गराइनेछ।जानकारीहरु अविभावकहरुले बुझ्ने सरल भाषामा रहनेछन।

अविभावकलाई नियमितरुपमा विध्यार्थीहरुको शैक्षिक प्रगतीवारे जानकारी गराइनेछ।
अविभावकलाई चालु शैक्षिक-सत्रमा स्कूलमा  भागलिन र स्वयंसेवकको भूमिका निभाउने अवसरवारे जानकारी  गरिनेछ। विध्यार्थीहरुको पडाइ सक्षम बनाउनको लागि अविभावकहरुले शैक्षिक सामाग्री र तालिम जस्ता अवसरहरु प्राप्त गर्नेछन।
समाचार पत्रहरु,सभागोस्थी,ब्यक्तिगत संपर्क र लिखित सूचनाहरु जस्ता कार्य शैलीको प्रगोगगरी खुल्ला संचारको स्थापना गरिनेछ।
अविभावकहरुको महत्व,उपयोगीता, देन,उनिहरुसँग कसरी संपर्क गर्ने अनि समानरुपमा पाट्नर वनी कसेरी कामगर्न सकिन्छ  भन्ने वारे शिक्षक र स्कूल कर्मचारीलाई तालिम दिइनेछ। सबै कर्मचारीबर्गलाई तालिम दिई सकारात्मक संचार क्रीयाकलाप द्वारा अविभावक र समुदाय सदश्यसँग प्रभावकारी ढंगले काम गर्नको निमित्त दक्ष बनाइनेछ।

<u>मूल्यांकन:</u>
अन्तिम छ हप्ता,टाइटल १ क्याम्पसका अविभावकहरुलाई टाइटल १ कार्यक्रम संबन्धी उनिहरुको बुझाई र सहभागीतावारे अविभावक सर्वेक्षण प्रश्नहरुउपलब्ध गराइनेछ।
यो सर्वेक्षणले अविभावकहरुलाई कार्यक्रम सुधारगर्न,  सहभागी हुन,  आफ्नो प्रतीक्रीया  र सुझावहरु दिन राम्रो अवसरमिल्नेछ।
मूल्यांकन प्रक्रीया अविभावक सर्वेक्षण नतिजा वार्षिक डिस्ट्रिक अविभावक सल्लाह कमेटी (DPAC) सभामा समावेस गरिनेछ।
डिस्ट्रिकले डिस्ट्रिक अविभावक सल्लाह कमेटी (DPAC) सभामा अविभावक संलग्न नीति,वार्षिक पूनर्विचार र जानकारी प्राप्तको आधारमा नतिजा दोर्यउनेछ। थप,प्रत्येक क्याम्पसले वार्षिकरुपमा टाइटल १ क्याम्पस कार्यक्रम पुनर्लोकन गर्नेछ।अविभावकहरु कर्मचारीसँग बसी क्याम्पस अविभावक संलग्न नीति पुनराव्रेत्ति गर्नेछन्।पुनर्लोकन विशेष गरी अविभावक संलग्नताको माध्यमद्वारा शैशिक प्रगति तर्फ ध्यानाकर्षण हुनेछ।

यो नीति अदलवदलको सिफारिस **2019 DPAC मे 17** मा गरिएको हो र यसको लागू शैक्षिक सत्र **2020-2021** मा गरिनेछ। 2020 को वसन्तमा COVID-19 बन्दको कारण, नीति विस्तार गरिएको छ र **2020-2021** को अवधिमा लागू गरिने छ। सेप्टेम्बर **30, 2020** सम्ममा वा यसभन्दा अघी स्कूलले अविभावकलाई यो नीति वितरण गर्नेछ।




____________________________________
(आधिकारिक ब्यक्तिको हस्ताक्षर)   5/25/2020